नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

बबरमहल,काठमाडौं

## प्रेस विज्ञप्ति-१०२

**" मानव तस्करी कार्यमा संलग्न व्यक्ति पक्राउ "**

वैदेशिक रोजगारीको लागी सयुक्त अरव ईनमिरेटस् को दुवई जान लागेकी पीडित परिवर्तित नाम २६ बबरमहल (५५०) सँग प्रतिवादी शिव बहादुर थापाले सामाजिक संजाल WhatsApp मार्फत चिनजान गरी आफुले दुबईबाट अमेरिका पठाउने काम गर्ने गरेकोले नेपाली रु.६०,००,०००/-(साठी लाख) लागतमा अमेरिका पठाई दिन्छु भनी विश्वास दिलाई मिति २०७८।०१।११ गते (24 April 2021)निज पीडितलाई नेपालको त्रिभुवन विमानास्थलबाट दुवईको Grand nova होटलमा पुऱ्याई करिव १ महिना सम्म राखी अमेरिकाको भिषा प्रकृया गर्नको लागी भनी दुबईमा बस्ने एजेन्ट मार्फत पीडितबाट **रु.८,००,०००/-(आठलाख)**बराबरको **३५००० (पैतिस हजार) दिराम** नगद र  पीडितको पासपोर्ट र फोटो लिन लगाई सो कागजपत्रको आधारमा पीडितको भिजिट भिसा तयार गरी २८ अगष्ट २०२४ मा दुवईबाट हवाई मार्गहुदै बहराईन,टर्की,ब्राजिल,पेरु बाट कोलम्विया लगी १ वर्ष सम्म अमेरिका लैजाने आश्वासन देखाई विभिन्न किसिमको शारिरक तथा मानसिक यातना दिई बन्धक बनाई राख्ने क्रममा पीडित माथी जबरजस्ती करणी समेत भएकोले पीडितले प्रतिवादी शिव बहादुर थापालाई सम्पर्क गरी आफुलाई नेपाल फिर्ता पठाई दिनको लागी अनुरोध गर्दा निजले नेपाल जानको लागी थप रकम बुझाउनु पर्छ भनी पीडितलाई दबाब दिएकोले पीडितले अमेरिका बस्ने साथी मार्फत निज प्रतिवादीले उपलब्ध गराएको विभिन्न विदेशी तथा नेपाली नागरिकको विदेशी बैंक खाता तथा Western Union Money transfer पटक-पटक गरी जम्मा **९८,९००/-अन्ठानब्बे हजार नौ सय अमेरिकी डलर** ( नेपाली करिव रु.१,४२,००,०००।- अक्षरुपी एक करोड वयालिस लाख) रकम पठाई दिएपछी निज पीडितलाई शिव बहादुर थापाले आफ्नो एजेन्टहरु मार्फत कोलम्वियाबाट पानामा जंगलको बाटो हुदै मेक्सिको पुर्वी तापाचुला भन्ने बोर्डरमा पुऱ्याउन लगाई नेपाल फिर्ता हुनको लागी थप २० हजार डलर माग गर्न लगाएकोमा  पिडितले उक्त पैसा दिन नसके पछी पीडितलाई मेक्सिको मै अलपत्र छाडी एजेन्टहरु सम्पर्क विहिन भएकोले पीडितले अमेरिका बस्ने  आफन्त सँग समन्वय गरी अमेरिका स्थित नेपाली राजदुतावासको सहयोगमा  One way Travel Document बनाई मिति २०८३।०१।०२ गते (15 *April 2026*) नेपाल फर्किन सफल भएको मानव बेचबिखन तथा ओसारपसार(मानव तस्करी) मुद्दामा संलग्न रहेका निम्न प्रतिवादीलाई यस कार्यालयबाट खटिगएको प्रहरी टोलीले जिल्ला कास्की,पोखरा महानगरपालिका वडा नं.१७ बाट मिति २०८३।०१।२८ गते पक्राउ गरी काठमाण्डौ जिल्ला अदालतबाट म्याद थप अनुमती लिई थप अनुसन्धान कार्य जारी रहेको । प्रारम्भीक अनुसन्धानको क्रममा निज प्रतिवादी शिव बहादुर थापा जिल्ला स्याङजा,पुतलिबजार नगरपालिका वडा नं.४ को वर्तमान वडाअध्यक्ष रहेको भन्ने समेत खुल्न आएको ।

### पक्राउ प्रतिवादीको विवरण :-

१) गण्डकी प्रदेश, जिल्ला स्याङजा पुतलीबजार नगरपालिका वडा नं.०४ बस्ने बुवा देब बहादुर थापा र आमा गुमा देवी थापा पराजुलीको छोरा बर्ष ४४ को **शिब बहादुर थापा ।**

**सूचना अधिकारी**
**( राजन लिम्वु )**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**

**मिति: २०८३।०१।२९ गते ।**

**Contact No:01-5339569,  Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np**